आज मिति २०७८।०१।१० गते भद्रपुर नगरपालिकाको कार्यालयको सभाहलमा नगर प्रमुख श्री जीवन कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा देहाय बमोजिमका महानुभावहरूको उपस्थितिमा नगर कार्यपालिका बैठक बसी निम्न अनुसारको निर्णयहरू गरियो।

उपस्थिति :

श्री जीवन कुमार श्रेष्ठ – नगर प्रमुख
श्री चन्द्रमाया श्रेष्ठ – नगर उप-प्रमुख
श्री तुलसी बहादुर श्रेष्ठ – प्रमुख प्रशासकीय अधिकृत
श्री दशरथ प्रधान – वडाअध्यक्ष वडा नं- १
श्री भीम बहादुर सुब्बा – ,, ,, – २
श्री कमला थुलुङ – ,, ,, – ३
श्री हंशधर राजवंशी – ,, ,, – ४
श्री बन्धु कार्की – ,, ,, – ५
श्री प्रेम बहादुर बरुवाल – ,, ,, – ६
श्री बिनोद प्रसाद पोखरेल – ,, ,, – ७
श्री गौरब सुब्बा (मनोज) – ,, ,, – ८
श्री शान्तिलाल राजवंशी – ,, ,, – ९
श्री टेक ब. खड्का (कान्छी) – ,, ,, – १०
श्री राम प्र. दाहाल – का. वा. वडा अध्यक्ष वडा नं- ९
श्री कौशल्या अधिकारी – नगर कार्यपालिका सदस्य
श्री ममता लिम्बु – ,, ,, ,,
श्री जानुका वि.क. – ,, ,, ,,
श्री बिमा पासवान – ,, ,, ,,
श्री मित्रा मह्तराई – ,, ,, ,,
श्री घनश्याम लकान्द्री – ,, ,, ,,
श्री मुना खवास – ,, ,, ,,
श्री मल्ल ब. भुजेल – ,, ,, ,,

Scanned with CamScanner

**२०७७ वैशाख १० गतेको नगर कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरु**

**प्रस्तावहरु**

१) राहत वितरणको विवरण प्रस्तुती सम्बन्धी

२) नगरपालिका विपद व्यवस्थापन कोषको आय व्यय विवरण सम्बन्धी

३) चालु आ.व.को आय व्ययको अवस्था विश्लेषण प्रस्तुती सम्बन्धी

४) दोश्रो चरणमा राहत वितरणको प्रस्ताव सम्बन्धी

५) स्वास्थ्य सामग्री खरिद सम्बन्धी

६) खाद्यान्न लगायत अत्यावश्यक वस्तुहरु सहज आपूर्ति सम्बन्धी

७) चिया फ्याक्ट्री संचालन तथा चिया पत्ती टिप्ने सम्बन्धी

८) कृषि बीउ बिजन खरिद तथा वितरण गर्ने सम्बन्धी

९) पृथ्वीनगर क्षेत्रमा क्वारेन्टिन बनाउने सम्बन्धी

१०) धन्यवाद ज्ञापन सम्बन्धी

११) बालमैत्री स्थानीय शासन युक्त नगर घोषणा कार्यक्रम सम्बन्धी

१२) योजना संसोधन सम्बन्धमा

१३) जमदार नर बहादुर बिष्टको नियुक्ती अनुमोदन सम्बन्धी



Scanned with CamScanner

## निर्णयहरु

१) नोबल कोरोना भाइरस (कोभिड १९) को संक्रमणको सन्दर्भमा नेपाल सरकारबाट लागु भएको लक डाउनको समयमा यस नगरपालिका क्षेत्र भित्रका विपन्न वर्गहरुलाई वितरण गरिएको राहत सम्बन्धी तपसिल बमोजिमको विवरण जानकारी गराइयो ।

तपसिल

| वार्ड नं | राहत पाउने घरधुरी संख्या | नगरपालिका बाट वितरण गरिएको राहत विवरण | | | | | दाता बाट वितरण गरिएको राहत विवरण | | | | | जम्मा राहत सामग्रीको वार्डगत विवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चामल (के.जी) | नुन (के.जी) | तेल (लि.) | साबुन | दाल (के.जी) | चामल (के.जी) | नुन (के.जी) | तेल (लि.) | साबुन | दाल (के.जी) | चामल (के.जी) | नुन (के.जी) | तेल (लि.) | साबुन | दाल (के.जी) |
| १ | २३६ | २७०६ | २३६ | २३६ | २३६ | २३६ | ० | ० | ० | ० | ० | २७०६ | २३६ | २३६ | २३६ | २३६ |
| २ | ३१३ | ३५०० | ० | ० | ० | ० | ० | ३१३ | ३१३ | ३१३ | ३१३ | ३५०० | ३१३ | ३१३ | ३१३ | ३१३ |
| ३ | १६० | २००० | १६० | १६० | १६० | १६० | ० | ० | ० | ० | ० | २००० | १६० | १६० | १६० | १६० |
| ४ | ४४८ | २६८० | २६८ | २६८ | २६८ | २६८ | १८०० | १८० | १८० | १८० | १८० | ४४८० | ४४८ | ४४८ | ४४८ | ४४८ |
| ५ | ७९९ | २००० | ४०० | २०० | ४०० | ४०० | ७३५ | ३३३ | २००, | ३३३ | ३३३ | २७३५ | ७३३ | ४०० | ७३३ | ७३३ |
| ६ | ४२२ | २२७४ | ३४२ | १७१ | ३४२ | ३४२ | ८६० | १४० | ११० | १४० | १४० | ३१३४ | ४८२ | २८१ | ४८२ | ४८२ |
| ७ | ५७४ | २७९७ | ३१८ | ३१८ | ३१८ | ३३१ | १६७३ | २३१ | १३२ | १८५ | २३१ | ४४७० | ५४९ | ४५० | ५०३ | ५६२ |
| ८ | २४२ | १६९४ | २०२ | २०२ | २०२ | २०२ | २८० | ४० | ४० | ४० | ४० | १९७४ | २४२ | २४२ | २४२ | २४२ |
| ९ | ४३५ | ४३५० | ४३५ | २१७.५ | ४३५ | ४३५ | ० | ० | ० | ० | ० | ४३५० | ४३५ | २१८ | ४३५ | ४३५ |
| १० | ५३८ | २३४७ | २८८ | १४४ | २८८ | २८८ | १७५० | २५० | १२५ | २५० | २५० | ४०९७ | ५३८ | २६९ | ५३८ | ५३८ |
| जम्मा | ४१६७ | २६३४८ | २६४९ | १९१७ | २६४९ | २६६२ | ७०९८ | १५५३ | ११०० | १५५७ | १५५३ | ३३४४६ | ४२०२ | ३०१७ | ४२०६ | ४२[illegible] |

२) नोबल कोरोना भाइरस (कोभिड १९) को संक्रमणको सन्दर्भमा नेपाल सरकारबाट लागु भएको लक डाउनको समयमा यस नगरपालिका क्षेत्र भित्रका विपन्न तथा मजदुर वर्गहरुलाई राहत उपलब्ध गराउनका लागि नगरपालिका विपद व्यवस्थापन कोषमा जम्मा भएको आम्दानी र सोबाट भएको खर्चको तपसिल अनुसारको विवरण जानकारी गराइयो ।



Scanned with CamScanner

## विपत व्यवस्थापन कोषको आम्दानी/खर्च/मौज्दातको विवरण

) आम्दानी तर्फ

| क्र. सं. | व्यक्ति तथा संस्थाको नाम | ठेगाना | जम्मा मिति | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | खातामा रहेको मौज्दात रकम | भद्रपुर नपा | २०७६।०४।०१ | ६६३४७७।८० | |
| २ | भद्रपुर नगरपालिकावाट जम्मा रकम | भद्रपुर नपा | २०७६।१२।२१ | १००००००।०० | |
| ३ | प्रदेश सरकारबाट प्राप्त भएको रकम | प्रदेश नं. १ | २०७६।१२।२१ | ५०००००।०० | |
| ४ | झापा बेल्जियम समाज | बेल्जियम | २०७६।१२।२१ | १५००००।०० | |
| ५ | सिम्रीक बचत तथा ऋण सहकारी सस्था | भद्रपुर | २०७६।१२।२३ | ५००००।०० | |
| ६ | भद्रपुर नगरपालिकाका जनप्रतिनिधिहरुको १५ दिनको सुविधा वापतको रकम | भद्रपुर नपा | २०७६।१२।२१ | ४३०५००।०० | |
| ७ | कर्णाली बचत तथा ऋण सहकारी सस्था | विर्तामोड | २०७६।१२।२४ | ५००००।०० | |
| ८ | झापा उधोग संघ | भद्रपुर | २०७६।१२।२६ | १०००००।०० | |
| ९ | नेपाल कम्युनिष्ट पाटी ( ने.क.पा. ) भद्रपुर | भद्रपुर | २०७६।१२।२६ | ५११५१।०० | |
| १० | हाम्रो नेपाल बचत तथा ऋण सहकारी सस्था | विर्तामोड | २०७६।१२।२६ | ५१०००।०० | |
| ११ | राष्ट्सेवक बचत तथा ऋण सहकारी सस्था | भद्रपुर | २०७६।१२।२६ | २५१२५।०० | |
| १२ | चन्द्रगढी सामुदायिक बन उपभोक्ता समिति | भद्रपुर | २०७६।१२।२७ | ५००००।०० | |
| १३ | दिदि बहिनी सचेतना महिला समुह | भद्रपुर - ८ | २०७६।१२।२७ | १५१५५।०० | |
| १४ | रोटरी ईन्टरनेश्नल क्लव अफ भद्रपुर | भद्रपुर | २०७६।१२।२७ | ०।०० | २२५० के.जी. चामल |
| १५ | विरेन्द्र एलुम्नाई एसोसिएसन | काडमाडौं | २०७६।१२।२७ | ५००००।०० | |
| १६ | जेष्ठ नागरिक संघ भद्रपुर | भद्रपुर | २०७७।०१।०३ | ११११११।०० | |
| १७ | विईएत ईस्टन चर्च | भद्रपुर | २०७६।१२।२८ | ३५०००।०० | |
| १८ | नवोदय बचत तथा ऋण सहकारी | कमल | २०७६।१२।२८ | १००००।०० | |
| १९ | किच्चकबध बचत तथा ऋण सहकारी सस्था | भद्रपुर | २०७६।१२।३० | २०००५।०० | |
| २० | साना किसान कृषी सहकारी सस्था | भद्रपुर | २०७६।१२।३० | ३९७५८।०० | |
| २१ | सहारा बचत तथा ऋण सहकारी सस्था | विर्तामोड | २०७७।०१।०३ | १११०००।०० | |
| २२ | कर्मसिल कृषी सहकारी सस्था लि. | भद्रपुर | २०७७।०१।०३ | १००००।०० | |
| २३ | समृद्धि बचत तथा ऋण सहकारी संस्था लि. | भद्रपुर | २०७७।०१।०७ | १५०००।०० | |
| २४ | नेपाल बहुउद्देशिय सहकारी संस्था | मेचीनगर | २०७७।०१।०३ | ०।०० | २००० केजी चामल |
| २५ | सूर्योदय बचत तथा ऋण सहकारी संस्था | भद्रपुर | २०७७।०१।०३ | ०।०० | २०० केजी चामल |
| | कुल जम्मा आम्दानी | | | ३४३८२८२।८० | |

) खर्च तर्फ

| क्र. सं. | खर्च विवरण | | खर्च रकम | |
|---|---|---|---|---|
| १ | क्वारेन्टिन व्यवस्थापन खर्च | | ७५०००।०० | |
| २ | स्वास्थ्य सामाग्री व्यवस्थापन खर्च | | ३०००००।०० | |
| ३ | अति विपन्न नागरिकहरुलाई राहत वितरणको लागि वडा कार्यालयहरुलाई हस्तान्तरण | | १५९७०००।०० | |
| | कुल जम्मा खर्च | | १९७२०००।०० | |
| | हाल खातामा रहेको मौज्दात रकम | | १४६६२८२।८० | |



Scanned with CamScanner

३) नगरपालिकाको चालु आ.व.को बजेट अन्तर्गत आर्थिक प्रशासन शाखाबाट प्राप्त हालसम्मको आय व्ययको अवस्था देहाय बमोजिम भएको व्यहोरा जानकारी गराइयो ।

**आर्थिक वर्ष २०७६/०७७ को चैत्र मसान्तसम्मको बजेटको श्रोत अनुसारको आय/व्यय विवरण**

| सि.नं. | शिर्षक | यथार्थ आय | यथार्थ व्यय | फरक (यथार्थ आय- व्यय) |
|---|---|---|---|---|
| **नेपाल सरकारबाट प्राप्त हुने अनुदान** | | | | |
| १ | समानीकरण अनुदान | १३८९२५०००।०० | ८७०३८१४१।९० | ५१८८६८५८।१० |
| २ | शसर्त अनुदान | १७३०७५०००।०० | १४०९०२८५८।३८ | ३२१७२१४१।६२ |
| २ | समपुरक अनुदान | ०।०० | १०७५७६।०० | (१०७५७६।०० |
| ४ | विशेष अनुदान | ०।०० | ०।०० | ०।०० |
| **प्रदेश सरकारबाट प्राप्त हुने अनुदान** | | | | |
| १ | समानीकरण अनुदान | २०१७२५०।०० | ०।०० | २०१७२५०।०० |
| २ | शसर्त अनुदान | ५०००००।०० | ५०००००।०० | ०।०० |
| २ | समपुरक अनुदान | ४००००००।०० | ०।०० | ४००००००।०० |
| ४ | विशेष अनुदान | २००००००।०० | ०।०० | २००००००।०० |
| ५ | अन्य सशर्त अनुदान | ९३२५०००।०० | ३५१६५३०।४४ | ५८०८४६९।५६ |
| **राजश्व बाँडफाँड (प्रदेश/स्थानीय)** | | | | |
| १ | राजश्व बाँडफाँड | ७५६६७८४।८० | २०००००।०० | ७३६६७८४।८० |
| **राजश्व बाँडफाँड (संघ)** | | | | |
| १ | राजश्व बाँडफाँड | ३८९८४९२७।६३ | ६६४३२५७७।८५ | (२७४४७६५०।२२ |
| **जिल्ला समन्वय समिति** | | | | |
| १ | जिसस | ०।०० | ७०४५१४।७२ | (७०४५१४।७२ |
| **सडक बोर्ड नेपाल** | | | | |
| १ | सडक बोर्ड नेपाल | ०।०० | ९७८००४।५० | (९७८००४।५० |
| **सहारा नेपाल** | | | | |
| १ | साहारा नेपाल | ०।०० | ०।०० | ०।०० |
| **भारतिय सरकार** | | | | |
| १ | भारतिय सरकार | ०।०० | ३२७२५७८।०७ | (३२७२५७८।०७ |
| **आन्तरिक श्रोत (मौज्दात समेत)** | | | | |
| १ | आन्तरिक श्रोत | १३७८२८०५३।१९ | ४७२२५०१६।३३ | ९०६०३०३६।८६ |
| **जनसहभागिता** | | | | |
| १ | जनसहभागिता | २६७४७३६७०६ | २७४११९९।५९ | २४००६१६७।४७ |
| | **कुल जम्मा** | **५४०९६९३८२।६८** | **३५३६१८९९७।७८** | **१८७३५०३८४।९०** |



Scanned with CamScanner

४) नोबल कोरोना भाइरस (कोभिड १९) को संक्रमणको सन्दर्भमा नेपाल सरकारबाट लागु भएको लक डाउनको कारण नगरपालिका क्षेत्र भित्रका विपन्न तथा मजदुर वर्गहरुलाई दोश्रो चरणमा राहत वितरण गर्न तपशिलमा उल्लेख भए बमोजिम गर्ने गराउने निर्णय गरियो ।

(क) वडामा विनियोजित थप रु.५ लाखका कार्यक्रमहरु शिर्षक अन्तर्गत विनियोजित बजेटबाट प्रति वडा एक लाखका दरले कट्टा गरी जम्मा रकम रु १० लाख नगर विपद व्यवस्थापन कोषमा जम्मा गर्ने ।

(ख) नगर स्तरिय विपद व्यवस्थापन कोषमा मौज्दात रहेको रकमबाट खाद्यान्न सामग्रीहरु उपलब्ध गराउन रु.३० लाख विनियोजन गर्ने ।

(ग) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा उल्लेखित विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम नगरपालिकाबाट खाद्य सामग्री (चामल) रु.३० लाखको खरिद गरी दोश्रो चरणको शुरुवातमा रु.२० लाख बराबरको चामल सबै वडाहरुलाई दामासाहीले उपलब्ध गराउने र बाँकी रु.१० लाख बराबरको चामल नगरपालिकामा मौज्दात राखी लक डाउनको अवस्था हेरी आवश्यकता अनुसार पुनः वडाहरुलाई उपलब्ध गराइने ।

(घ) वडा कार्यालयबाट राहत वितरण गर्दा प्रति परिवार न्यूनतम १० के.जी. चामल उपलब्ध गराउनु पर्नेछ ।

(ङ) प्रति वडा रु.५० हजारका दरले सबै वडाहरुलाई नोबल कोरोना भाइरस (कोभिड १९) को संक्रमण रोकथाम लगायत अन्य व्यवस्थापकिय कार्य गर्न उपलब्ध गराउने ।

५) नगरपालिका क्षेत्रमा नोबल कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा व्यवस्थापनका लागि स्वास्थ्य शाखाका हे.अ. मनोज भट्टराईले रु.तीन लाख पेश्की लिएकोमा रु.........बाट हालसम्म तपसिलमा उल्लेखित सामग्रीहरु खरिद गरिएको हुँदा उक्त पेश्की रकम फछ्र्यौट गरी नगरपालिका क्षेत्रका स्वास्थ्य संस्थाहरुका साथै नोबल कोरोना भाइरस (कोभिड १९) संक्रमणको रोकथाम तथा व्यवस्थापनका लागि थप आवश्यक औषधी तथा पि.पि.ई., सेनिटाइजर, एम ९५ मास्क, थर्मो गन लगायत अन्य स्वास्थ्य सामग्रीहरु खरिद गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | फर्मको नाम | सामान विवरण | विजक नं. | रकम |
|---|---|---|---|---|
| १ | विविध | चुना मल्पिलग समेत | ० | ४,६५०।०० |
| २ | सिकाई कटाई टेनिङ सेन्टर | मास्क | १४१ | ११,०००।०० |
| ३ | आर्य इन्टरनेशनल | इन्धन | ATI ०८४४५ | १,४००।०० |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | काफले होटल | नास्ता | ३१६ | ६७०।०० |
| ५ | लक्ष्मी स्टोर | झाडु,सरसफाइका सामान समेत | २०९ | ११,०२०।०० |
| ६ | विर्ता सर्जिकल्स सप्ला. | डिजिटल थर्मामिटर, सर्जिकल सामानहरू समेत | ३७३ | ४६,८९५।०० |
| ७ | नारायण इम्पोरियम | ज्याकेट | १७६ | ३१,७८६।९० |
| ८ | महत्तो सप्लायर्स | भांडाकुडा | ८३३ | १,७००।०० |
| ९ | जय दुर्गा स्टेशनरी | स्टेशनरी सामान | १४७० | २५५।०० |
| १० | रूपा स्टोर | फलफूल | १८५ | ३५०।०० |
| ११ | कृपा फारमेशी | गल्वस | १३५५ | ७००।०० |
| १२ | भवानी भेराईटी | रेनकोट | ४२९ | ३,६००।०० |
| १३ | सुप्रिम स्टोर | डिस्पोजल भांडाकुडा | ७४६ | ५,५५०।०० |
| १४ | गज लक्ष्मी टेडर्स | मास्क | १ | १३,०००।०० |
| १५ | विजय डालमिया | पिपिई | ० | ५५,०००।०० |
| १६ | महत्तो सप्लायर्स | भांडाकुडा | ८३४ | ४,९४०।०० |
| १७ | झर्ना सर्जिकल्स एण्ड सप्ला. | गल्वस | २१०५ | १२,९००।०० |
| १८ | कन्काई मेडिकल हल | हेण्ड सन्टिलाईजर | ६४७ | १४,४००।०० |
| १९ | शितला सिकाइ टेनिङ सेन्टर | मास्क | ११२ | १०,०००।०० |
| २० | असल मेडिकल हल | हेण्ड सन्टिलाईजर, | २९१ | २०,०००।०० |
| २१ | असल मेडिकल हल | हेण्ड सन्टिलाईजर, | २९५ | २०,०००।०० |
| २२ | असल मेडिकल हल | हेण्ड सन्टिलाईजर, फेश मास्क | २९६ | १९,७५०।०० |
| २३ | असल मेडिकल हल | सर्जिकल मास्क | २९८ | ३,२५०।०० |
| २४ | न्यू हलेशी टेडर्स | ब्लिचिङ पाउडर | २६७ | ८,०००।०० |
| २५ | कन्काई मेडिकल हल | सेन्टिाइजर | ६८७ | ३,७५०।०० |
| २६ | कोसेली घर | मास्क | | ८,७५०।०० |
| २७ | | | | ३१३,३१६।९० |
| २८ | विविध | खाजा पानी | | ५,०००।०० |
| २९ | इन्धन | | | ५,६००।०० |
| | | जम्मा | | ३२३,९१६।९० |



Scanned with CamScanner

६) नोबल कोरोना भाइरस (कोभिड १९) को संक्रमणको सन्दर्भमा नगरपालिकामा निर्माण गरिएको क्वारेन्टिन व्यवस्थापनका साथै क्वारेन्टिनमा बसेका व्यक्तिहरुका लागि उपलब्ध गराउनका लागि नगर प्रहरीका अ.स.इ.चन्द्र प्रधानले रु.पचहत्तर हजार पेश्की लिएकोमा उक्त पेश्कीबाट तपसिल बमोजिम रु.७४,९३९ खर्च भएको भनी बिल भरपाई पेश गरेको हुँदा उक्त खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | फर्मको नाम | सामान विवरण | रकम |
|---|---|---|---|
| १ | सन्तोष ट्रेडिंग | पेट्रोल | ६,५२५।०० |
| २ | तिम्सिना फार्मेसी | स्पिरिट | ३६०।०० |
| ३ | सुशिल आलु प्याज भण्डार | आलु | ७,६००।०० |
| ४ | लक्ष्मी स्टोर | खाद्यान्नहरु चामल, दा | ५,३००।०० |
| ५ | लक्ष्मी स्टोर | डि.ग्लास, प्लेट | २,०००।०० |
| ६ | लक्ष्मी स्टोर | खाद्यान्नहरु तेल, भुजिया | २,३००।०० |
| ७ | राम शिव शिवा | मसालाहरु खाद्यान्न | ४२०।०० |
| ८ | सृष्टि भेराइटी | खाद्यान्न भुजिया | ३००।०० |
| ९ | राम शिव शिवा | चिउरा | ९२०।०० |
| १० | सृष्टि भेराइटी | गुलाबजल | ४३२।०० |
| ११ | महाशक्ति आइरन | फेविकल, मास्किंग टेप | १,०४०।०० |
| १२ | कलबलगुडी क्यान्टिन | चिया नास्ता | ५,५००।०० |
| १३ | लक्ष्मी भण्डार | प्लास्टिक तथा अन्य | १,०५०।०० |
| १४ | सुनिल किराना पसल | सर्फ, नरिवलको तेल | १६०।०० |
| १५ | प्रतिक्षा किराना पसल | मिनरल वाटर | १,६८०।०० |
| १६ | पार्वती किराना पसल | खाद्यान्न चना, मटर | ४,४५०।०० |
| १७ | कैलाश फलफुल पसल | भुजिया | १५०।०० |
| १८ | लक्ष्मी स्टोर | प्याज, लसुन, सनफ्लावर तल | २,५४०।०० |
| १९ | लक्ष्मी स्टोर | चिउरा, चना, मटर अन्य | २,३२५।०० |
| २० | राज स्टोर्स | चामल, दाल | २,०५०।०० |
| २१ | अनिल स्टोर | चुना, प्लाष्टिक, जिआई तार | ८६२।०० |
| २२ | लक्ष्मी स्टोर | ब्रश जिलेट, कोलगेट, साबु | १,०५०।०० |
| २३ | लक्ष्मी स्टोर | डि.ग्लास, प्लेट | ४००।०० |
| २४ | अनिल स्टोर | कालो प्लाष्टिक, थमपिन | १,०९०।०० |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २५ | लक्ष्मी स्टोर | कन्टेनर बक्स, चम्चा, प्लेट | १,८२०।०० |
| २६ | राम शिव शिवा | चामल स्टिम | ४,५००।०० |
| २७ | लक्ष्मी स्टोर | भुजिया, प्याज, खोर्सानी अन्य | १,२००।०० |
| २८ | सावित्रा किराना पसल | अण्डा | ५६०।०० |
| २९ | रविन किराना पसल | चामल, साबुन, सोयाबिन अन्य | ५,२८५।०० |
| ३० | रविन किराना पसल | तेल | १,५७०।०० |
| ३१ | भरपाई (१) | नगर प्रहरीको लाठी बनाउने, क्वारिन्टिनमा खाना खुवाएको तथा अन्य | ९,५००।०० |
| | | जम्मा | ७४,९३९।०० |

७) नेपाल सरकारबाट लागु भएको लक डाउनको समयमा खाधान्न लगायत अत्यावश्यक वस्तुहरुको कृतिम अभावको सृजना र मूल्य वृद्धि हुन नदिई सहज आपूर्तिको व्यवस्था मिलाउन सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

८) नोवल कोरोना भाइरस (कोभिड १९) को संक्रमणको सन्दर्भमा नेपाल सरकारबाट लागु भएको लक डाउनको समयमा चिया फ्याक्ट्री संचालन तथा चिया बगानमा चिया पत्ती टिप्ने सम्बन्धमा तपसिलमा उल्लेखित प्रावधानहरुको अधिनमा रही सञ्चालन गर्न दिने निर्णय गरियो ।

<u>तपसिल</u>

१) किसानले हरियो चिया टिप्दा न्यूनतम् ३ मिटर (कम्तिमा ४ बुट्टाको फरकमा) को सामाजिक दुरी कायम राखेर टिप्नु पर्नेछ ।

२) किसान तथा चिया टिप्ने श्रमिकले अनिवार्य रुपमा माक्सको प्रयोग गर्नुपर्ने र सम्भव भएसम्म हातमा पन्जाको प्रयोग गर्नु पर्नेछ ।

३) समय-समयमा (कम्तिमा १।१ घण्टामा) साबुन पानीले हात धुने र गुणस्तरीय सेनिटाइजरको प्रयोग गर्नु पर्नेछ ।

४) चिया, खाजा र बन्दोवस्तीको सामान श्रमिकले घरैबाट व्यवस्था गर्नुका साथै श्रमिकले ल्याएको सामग्री स्वयम् आफैले मात्र प्रयोग गर्नु पर्नेछ ।

५) चिया किसानले २ बजेसम्म हरियो चिया संकलन केन्द्रमा संकलन गर्ने र संकलकले ४ बजेसम्ममा उद्योगमा पुर्याउनु पर्नेछ ।

६) चिया किसानले ढुवानी गर्दा अधिकतम् एउटा बोरामा ३० के.जी. भन्दा बढी चिया ढुवानी गर्न पाउने छैनन् ।



Scanned with CamScanner

७) चिया संकलन केन्द्रमा २ भन्दा बढी कर्मचारी राख्न नपाउने, २ मिटरको सामाजिक दुरी कायम गर्ने र न्यूनतम् सुरक्षाका उपायहरु अपनाउनु पर्नेछ ।

८) चिया उद्योगले चिया ढुवानी गर्ने गाडीमा २ जना भन्दा बढी श्रमिक राख्न पाउने छैनन् ।

९) चिया उद्योगले चिया प्रशोधन गर्दा विभिन्न चरणका क्रियाकलापहरुमा २ वा ३ भन्दा बढी श्रमिक राख्न नपाउने र २ मिटरको दुरी कायम राख्नु पर्नेछ ।

१०) उद्योगले चिया उद्योगहरुमा सबै चरणहरुमा सुरक्षाका न्यूनतम् शर्तहरु मास्क, पन्जा, गुणस्तरीय सेनिटाइजर, साबुन, पानी तथा सामाजिक दुरी अनिवार्य कायम भएको गरेको हुनु पर्नेछ ।

११) संकलन केन्द्र, उद्योग र चिया टिप्ने बगानमा अनिवार्य रुपमा हात धुने पानी र गुणस्तरीय सेनिटाइजरको व्यवस्था सम्बन्धित सरोकारवालाले नै गर्नुपर्नेछ ।

१२) संकलन केन्द्र, चिया बगानको आधिकारिक व्यक्ति र उद्योगीहरुले सम्बन्धित वडाको वडा अध्यक्ष वा सदस्यलाई कार्य थालनीको जानकारी गराउनु पर्नेछ ।

१३) सम्बन्धित वडामा श्रमिक वा अन्य कामदारको विवरण प्रत्येक दिन सम्बन्धित वडामा बुझाउनु पर्नेछ ।

१४) चिया टिप्न प्रयोग गरिने सुरक्षाको सामग्री (मास्क, पन्जा, एप्रोन, सुरक्षित टोपी आदि) मजदुरलाई सम्बन्धित चिया कृषकले नै उपलब्ध गराउनु पर्नेछ ।

१५) चिया ढुवानीका सवारी साधनहरु अनिवार्य रुपमा वडा कार्यालयमा दर्ता गर्नुपर्ने र वडा कार्यालयबाटै सवारी अनुमतिको व्यवस्था मिलाउनु पर्नेछ ।

१६) चिया श्रमिकलाई गाडीमा ढुवानी गरी ओसारपसार गर्न पाइने छैन ।

१७) हालको वर्तमान परिस्थितिमा माथि उल्लेख भए बमोजिमका कुराहरु पालना भए नभएको विषयमा प्रत्येक वडाका वडा अध्यक्षहरु, वडा सदस्यहरु र नगरपालिकाबाट चिया बगानमा चिया टिप्ने, चिया संकलन गर्ने, चिया टिप्न प्रयोग भएको तौर तरिका र सामग्रीहरुको अनुगमन समय समयमा हुनेछ ।

१८) सामान्य रुघा खोकी तथा फ्लु जस्ता लक्षण भएका मजदुरहरु भएमा त्यसता मजदुरहरुलाई काममा लगाउन पाइनेछैन ।

१९) श्रमिकले समय समयमा मन तातो पानी पिउने व्यवस्था सम्बन्धित चिया कृषकले गर्नु पर्नेछ ।

९) चालु आ.व.२०७६।०७७ का लागि स्वीकृत बजेट अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु संशोधन गरी कृषि बीउ बिजन खरिद तथा वितरण गर्ने कार्यका लागि रु. पाँच लाख बजेट संशोधन गर्ने र सो बराबरको बीउ खरिद गरी वडा कार्यालय मार्फत टोल विकास संस्थालाई दिने र टोल विकास संस्थाले टोल विकास संस्थाका कृषक सदस्यहरुलाई दिने निर्णय गरियो ।

## तपशिल

| साबिकमा विनियोजित कार्यक्रम | बजेट | संशोधित कार्यक्रम | बजेट |
|---|---|---|---|
| भ्रमण (अन्तर जिल्ला) | २,००,०००।०० | कृषि बीउ बिजन खरिद तथा वितरण | रु.५,००,०००।०० |
| सहकारी मार्फत थोक कृषि बजार व्यवस्थापन | ३,००,०००।०० | | |

१०) नोबल कोरोना भाइरस (कोभिड १९) को संक्रमणको सन्दर्भमा संक्रमणको सम्भावना बढी रहेको पृथ्वीनगर क्षेत्रमा एक क्वारेन्टिन क्षेत्र बनाउने र सो क्षेत्र निर्माण गर्नका लागि स्थान छनौट गरी पठाउन वडा समितिलाई आग्रह गर्ने निर्णय गरियो ।

११) नोबल कोरोना भाइरस (कोभिड १९) को संक्रमणको सन्दर्भमा नेपाल सरकारबाट लागु भएको लक डाउनको समयमा यस नगरपालिका क्षेत्र भित्रका विपन्न तथा मजदुर वर्गहरुलाई पहिलो चरणमा राहत उपलब्ध गराउन आर्थिक सहयोग तथा राहतका सामग्रीहरु उपलब्ध गराई सहयोग गर्ने सबै दाता महानुभावहरु तथा संघसंस्थाहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

१२) यस नगरपालिकालाई बालमैत्री स्थानीय शासन युक्त नगर घोषणा २०७६ चैत्र मसान्त भित्र गर्ने भनी मिति तय गरिएकोमा बालमैत्री स्थानीय शासनको मापदण्ड पुरा भई आवश्यक कागजातहरु समेत तयार भइसकेको र नोबल कोरोना भाइरसको संक्रमणको कारण घोषित बन्दाबन्दी ( लकडाउन) को कारणले घोषणा गर्न समस्या भएको हुँदा बन्दाबन्दी (लकडाउन) फुकुवा भए पश्चात यस नगरलाई बालमैत्री स्थानीय शासन युक्त नगर घोषणा गर्ने निर्णय गरियो ।

१२) नोबल कोरोना भाइरस (कोभिड १९) को संक्रमणको कारण लक डाउनको अवस्था रहेकोमा अति आवश्यक सवारी साधनहरु सञ्चालनका लागि सवारी पासको व्यवस्थाका लागि वडा समितिको कार्यालयबाट सिफारिश भैआएमा मात्र नगरपालिकाबाट सवारी पास उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।



Scanned with CamScanner

१४) आ.व.२०७६।०७७ मा सञ्चालित तपसिल बमोजिमका योजना तथा कार्यक्रम संशोधन गर्नका लागि वडा नं.४ को वडा समितिको बैठकबाट निर्णय गरी पेश गरिएकोमा उक्त योजना संशोधन गरी सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम र बजेट | | | | कैफियत |
|---|---|---|---|---|---|
| | साबिक योजना | साबिक बजेट | संशोधित योजना | संशोधित बजेट | |
| १ | विपन्नहरुलाई नि:शुल्क स्वास्थ्य बीमा, सिप तालिम लिएकोहरुलाई सिपमुलक सामग्री वितरण र कृषिको लागि विद्युतीय मोटर | रु.३,००,०००।०० | आर्थिक तथा समाजिक विकास कार्यक्रम | रु.१,००,०००।०० | भक्तपुर वडा नं.४ |
| २ | | | फाँगो चौकबेखि करेला चौक हुँदै पाँच कठ्ठेसम्मको गाभेल सहित स्तरोन्नति | रु.२,००,०००।०० | |

१५) यस नगरपालिकाको बारुणयन्त्र उपशाखामा कार्यरत जमदार नर बहादुर विष्टको उमेर हदका कारण अवकाश प्राप्त गर्नु भएकोमा हाल नोबल कोरोना भाइरस (कोभिड १९) को संक्रमणको अवस्थामा राहत वितरण गर्न तथा अन्य व्यवस्थापन गर्न कर्मचारीको आवश्यकता पर्ने भएकोले मिति २०७७ आषाढ मसान्तसम्मका लागि करार सेवामा नियुक्ती गर्ने कार्यालयबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

आज मिति २०८८।०१।२६ गते भद्रपुर नगरपालिका कार्यालयको सभाकक्षमा नगर प्रमुख श्री जीवनकुमार श्रेष्ठज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा रही नगरकार्यपालिका बैठक बसी निम्न अनुसारको निर्णयहरु पारित गरियो।

उपस्थिति

श्री जीवनकुमार श्रेष्ठ, नगर प्रमुख
श्री चन्द्रमाया श्रेष्ठ, नगर उपप्रमुख
श्री तुलसी बहादुर श्रेष्ठ, प्र.प्र.अ
श्री दशरथ प्रधान, वडा अध्यक्ष, भद्रपुर वडा नं. १
श्री भिम बहादुर सुब्बा " " " " २
श्री कमला थुलुङ " " " " ३
श्री हंशाधर राजवंशी " " " " ४
श्री बन्धु कार्की " " " " ५
श्री प्रेम बहादुर बरुवाल " " " " ६
श्री विनोद प्रसाद पोखरेल " " " " ७
श्री गौरब सुब्बा " " " " ८
श्री शनिलाल राजवंशी " " " " ९
श्री टेकबहादुर खड्का (कजी) " " " " १०
श्री राम प्रसाद दाहाल कार्यवाहक वडा अध्यक्ष " " ९
श्री कौशिल्या अधिकारी का.पा.स
श्री ममता लिम्बु " " "
श्री जानुका वि.क " " "
श्री विभा पासवान " " "
श्री मिना भट्टराई " " "
श्री घनश्याम लकान्द्री म.का.पा.स.
श्री मुना खवास " " " "
श्री भक्त बहादुर गुजेल " " " "
श्री गोपराज पौडेल - वडा सदस्य वडा नं. ६

Scanned with CamScanner

२०७७ वैशाख २९ गतेको नगर कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु

१) योजना सञ्चालन सम्बन्धमा ।

२) बोलपत्र पेश गर्ने म्याद सम्बन्धमा ।

३) राहत वितरण अभ्यावधिक गर्ने सम्बन्धमा ।

४) नगर प्रमुखसँग सन्धाल आवास कार्यक्रम सम्बन्धमा ।

५) भद्रपुर-१ मा क्वारेन्टिन निर्माण र संचालन सम्बन्धमा ।

६) नगरपालिकाको भवन, कोठा बहाल कर छुट सम्बन्धमा

७) अन्य कर तथा शुल्क निर्धारण सम्बन्धमा।

८) नगरपालिकाको न्यायिक समितिबाट न्याय सम्पादन गर्ने सम्बन्धमा ।

९) कृषि शाखाका कार्यक्रम संचालनका सम्बन्धमा ।

१०) बालमैत्री रणनीतिक योजना निर्माणको तयारी खर्च भुक्तानी सम्बन्धमा ।

११) नदीजन्य सामग्रीहरु उत्खनन, संकलन तथा ढुवानी सम्बन्धमा

१२) विविध

क) एभिन्यूज टेलिभिजनले नगर-प्रमुखसँग लिएको अभद्र अन्तरवार्ता सम्बन्धमा।
ख) सासाहिक हाटबजार तथा सागसब्जी बिक्री वितरण सम्बन्धमा।
ग) बिपद् व्यवस्थापन सम्बन्धमा।
घ) मूल्यवृद्धि सम्बन्धमा।



Scanned with CamScanner

## निर्णयहरु

१) भद्रपुर नगरपालिकाबाट कार्यान्वयन हुने पूर्वाधार निकायसँग सम्बन्धित आयोजनाहरु मध्ये रु.१० लाख भन्दा माथिका योजनाहरु बोलपत्र आह्वानको माध्यमबाट सञ्चालन गर्ने नगर कार्यपालिकाको विगतमा भएको बैठकबाट निर्णय भएकोमा नोबल कोरोना भाइरस (कोभिड १९) को संक्रमणको सन्दर्भमा नेपाल सरकारबाट पुनः मिति २०७७ जेष्ठ ५ गतेसम्म लक डाउनको समय थप गरेको हुँदा बोलपत्र आह्वानबाट खरिद कार्यको प्रकृया सम्पन्न गरी योजना सञ्चालन गर्न समय अभाव भएको कारण हाललाई रु.१० लाख भन्दा माथिका योजनाहरु समेत उपभोक्ता समिति तथा सम्बन्धित संघ संस्था, सहकारी मार्फत गर्ने गराउने निर्णय गरियो ।

२) नगरपालिकाबाट विभिन्न योजनाहरु सञ्चालन गर्न विद्युतीय खरिद प्रणालीमा बोलपत्र आह्वानका लागि सूचना प्रकाशन गरिएकोमा नोबल कोरोना भाइरस (कोभिड १९) को संक्रमणको सन्दर्भमा नेपाल सरकारबाट विभिन्न मितिमा पटक पटक लक डाउनको समय थप गरेको कारण खरिद प्रतिस्पर्धामा संकुचन नल्याउन भनी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्थानीय तहबाट म्याद थप गर्न सक्ने भन्ने सूचना प्रकाशन भएको कारण विभिन्न मितिमा म्याद थपका लागि सूचना प्रकाशन गर्दै मिति २०७७।०१।३० गतेसम्म कायम गरेकोमा सो म्याद भित्र विद्युतीय खरिद प्रणालीमा पेश भएका बोलपत्रहरुको मूल्यांकन गरी सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको प्रस्ताव स्वीकृत गरी यथाशिघ्र योजना सञ्चालन गर्ने निर्णय गरियो ।

३) नोबल कोरोना भाइरस (कोभिड १९) को संक्रमणको सन्दर्भमा नेपाल सरकारबाट बन्दाबन्दी (लक डाउन) घोषणा गरेको कारण नगर क्षेत्र भित्रका विपन्न तथा असंगठित क्षेत्रमा कार्यरत मजदुरहरुलाई खाद्यान्न लगायत राहत सामग्री वितरण गरेको विवरण अद्यावधिक गरी वडास्तरीय विपद व्यवस्थापन समितिको बैठक तथा वडा समितिको बैठकको निर्णय सहित पछिसम्म फरक नपर्ने गरी यथाशिघ्र नगरपालिकामा पठाउने निर्णय गरियो ।

४) नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य संस्थाहरुँगको सहकार्यमा सञ्चालन गरिने नगर प्रमुखसँग सन्थाल आवास कार्यक्रम वडा नं.३, ४ र १० अन्तर्गत ८/८ वटा आवास भवन निर्माण गर्ने निर्णय गत अघिको कार्यपालिकाको बैठकबाट निर्णय भएकोमा वडा नं.१० बाट ५ वटा लाभग्राहीको नाम मात्र आएको हुँदा बाँकी रहेको ३ वटा आवास भवनका लागि वडा नं.९ बाट लाभग्राहीहरुको नामावली माँग गर्ने निर्णय गरियो ।

५) भद्रपुर नगरपालिका वडा नं.१ को हिमाली मा.वि.मा नोबल कोरोना भाइरस कोभिड १९ को रोकथामका लागि क्वारेन्टिनको व्यवस्थापन र संचालन सुरक्षा निकायके समन्वय र रेखदेखमा नगरपालिकाबाट संचालन तथा व्यवस्थापन गर्ने साथै सो कार्यका लागि सम्बन्धित निकायहरुलाइ अनुरोध गर्ने निर्णय गरियो।

६) नगरपालिकाको भवनका कोठा बहाल कर छुट तथा अन्य कर तथा शुल्क सम्बन्धमा छलफल गर्दा नगरपालिकाको भवनका कोठाहरुको भाडा बन्दाबन्दी (लकडाउन) भएको मिति २०७६।१२।११ गतेदेखि लकडाउन रहने दिनसम्मका लागि भाडा छुट दिने र सो छुटका लागि पसल नचलाएको/नखोलेको भनी वडा समितिबाट रेकर्डले प्रमाणित गरी वडा समितिको कार्यालयबाट सिफारिश गर्नु पर्ने निर्णय गरियो ।



Scanned with CamScanner

७) नगरपालिकावाट असुल उपर गरिने अन्य शुल्क तथा करहरु हालको नोवल कोरोना भाइरस कोभिड १९ संक्रमणको कारण असुल उपर गर्ने र अन्य कर तथा शुल्कहरु निर्धारणको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार गरी पेश गर्न नगर उपप्रमुख चन्द्रमाया श्रेष्ठको संयोजकत्वमा निम्न सदस्य रहनु भएको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | - चन्द्रमाया श्रेष्ठ |
| सदस्य | - विनोद पोखरेल, |
| सदस्य | - प्रेमवहादुर बरुवाल, |
| सदस्य | - भिमबहादुर केरुङ्ग, |
| सदस्य | - बन्धु कार्की |
| सदस्य सचिव | - राजश्व प्रशासन शाखा प्रमुख |

८) नगरपालिकाको न्यायिक समितिको कार्यक्षेत्र भित्र रहेका विवादहरु निरुपण गर्ने हालको समयमा नेपाल सरकारवाट निर्धारित स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई पक्ष र विपक्ष दुवैतर्फबाट एक/एक जना र सहयोगी एक/एक जना गरी जम्मा ४ चार जनालाई मात्र उपस्थित गराई न्यायिक समितिवाट विवाद निरुपण सम्बन्धी कार्य मिति २०७७।०२।०१ गतेबाट शुरु गर्ने निर्णय गरिये ।

९) कृषि विकास शाखावाट तरकारी तथा धानको विउविजन वितरण कार्यक्रम संचालन संबन्धमा गरिएको तयारीका विषयमा धानको विउविजनको छनौट र धानको विउको माँग धेरै भएकोले थप बजेट खर्च व्यवस्थापन गरी आवश्यक मात्रामा वीउविजन खरिद गरी वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

१०) वालमैत्री रणनीतिक आवधिक योजना तयारी गर्ने सन्दर्भमा वालमैत्री शासन विज्ञ श्री सुमन ढकाल विर्तामोड झापासँग भएको सम्झौता वमोजिम रणनीतिक योजना दस्तावेज तयार गरे वापत रु.८०००० (रु. अस्सी हजार) भुक्तानी दिने निर्णय गरियो ।

११ नेपाल सरकारले कोरोना भाइरसा (कोभिड १९) को संक्रमणको रोकथामका लागि नेपाल राज्य भर बन्दावन्दी (लकडाउन) लागू गरेको सन्दर्भमा भद्रपुर नगर क्षेत्र भित्र निर्माण गरिने विकास योजनामा असर परेको, वर्षातको समय शुरु हुन आटेको र उत्खनन् गर्ने संमय अवधि समेत सकिदै गएको अवस्थामा तपसिलमा उल्लेखित प्रावधानहरुको अधिनमा रही नदीजन्य निर्माण सामाग्री उत्खनन्/ संकलन तथा ढुवानी गर्ने गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

१) प्रत्येक दिन विहान ११.०० बजेदेखि साँझ ४.०० बजेसम्म मात्र उत्खनन् तथा ढुवानी तोकिएको वा नगरपालिकाद्वारा स्विकृत नाका वा संकलन केन्द्रहरुबाट मात्र गर्न पाइनेछ ।

२) उत्खनन् तथा ढुवानी कार्यमा स्थानीय श्रमिकको प्रयोग गर्नु पर्नेछ ।

३) श्रमिकले मदिराजन्य उत्तेजित र प्रतिवन्धित पदार्थ सेवन गर्न पाउने छैन ।



Scanned with CamScanner

४) उत्खनन् तथा ढुवानी कार्यमा लागेको श्रमिकहरुले अनिवार्य मास्क, सेनिटाइजर र पञ्जाको प्रयोग गर्ने र कम्तिमा २/२ (दुइ) मिटरको सामाजिक दुरी कायम गर्नु पर्नेछ ।

५) नदीमा उत्खनन् कार्यमा प्रयोग हुने सवारी साधनहरुको बिचमा पनि १०/१० (दश) मिटर दुरी कायम गरी भिडभाड नगरी उत्खनन कार्य गर्नु पर्नेछ ।

६) सवारी साधनहरुलाई २ देखी ४ घण्टाको बिचमा Disinfection गर्नु पर्नेछ ।

७) काम शुरु गर्नु भन्दा अगाडी अनिवार्य रुपमा श्रमिकको नाम, ठेगाना तथा सम्पर्क नं, वडा कार्यालयमा अभिलेख राखी प्रमाणित गराएर मात्र अनुमति पत्र लिनु पर्नेछ र सो अभिलेखको जानकारी भद्रपुर नगर प्रहरी शाखाको फेसबुक पेजमा वा bhadrapurmunicipalpolice@gmail.com वा स्थानीय प्रहरी कार्यालयमा समेत दिनु पर्नेछ ।

८) चिया, खाजा जस्ता बन्दोबस्तीको सामानहरु श्रमिकहरुले आफ्नै घरबाट ल्याउनु पर्नेछ र सो सामान आफैले मात्र प्रयोग गर्नु पर्नेछ ।

९) नदीजन्य सामग्री ढुवानीमा प्रयोग हुने सवारी साधनहरुको वडा समिति र सम्बन्धित प्रहरी कार्यालयमा अनिवार्य अभिलेख उपलब्ध गराउनु पर्नेछ ।

१०) स्वास्थ्यमा समस्या भएको श्रमिकको प्रयोग गर्न पाइने छैन तथा उत्खनन् कार्य वा ढुवानीका क्रममा कुनैपनि स्वास्थ्य सम्बन्धी समस्या देखिएमा सोको स्वास्थ्य उपचार लगायत खर्च सम्बन्धित पक्षले व्यहोर्नु पर्नेछ ।

११) कर संकलन गर्ने व्यक्तिले समेत मास्क, पन्जाको प्रयोग गर्नु पर्नेछ, समय समयमा साबुन पानीले हात धुनुका साथै सामाजिक र भौतिक दुरी कायम गर्नु पर्नेछ ।

१२) उत्खनन् गरेको सामग्रीको परिमाणको लगत दैनिक रुपमा राख्नु पर्नेछ ।

१३) नदीजन्य निर्माण सामग्रीको ढुवानी गर्दा सवारी साधनलाई पूर्ण रुपमा त्रिपालले छोपी ढुवानी गर्नु पर्नेछ ।

१४) कुनैपनि असम्बन्धित व्यक्ति वा सामग्रीहरु ओसार पसार गर्न पाइने छैन ।

१५) कर संकलन गर्ने व्यक्तिले नगरपालिकासँग गरेको सम्झौताका शर्तहरु अक्षरशः पालना गर्नु पर्नेछ ।

१६) नोवल कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा नियन्त्रण, सुरक्षा र स्वास्थ्यको सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले जारी गरेको नियम तथा शर्तहरुको पूर्ण पालना गर्नु पर्नेछ । अन्यथा भएमा कार्यवाही हुने वा लापरवाहीबाट कुनै क्षति हुन वा पुग्न गएमा सोको क्षतिपूर्ति उपलब्ध गराउने जिम्मेवारी कर असुल गर्ने ठेकेदार र संकलन/ढुवानी गर्ने सवारीधनीको हुनेछ ।

१७) तोकिएको शर्त पालना भए नभएको अनुगमन वडा समिति वा स्थानीय प्रहरी वा नगर प्रहरी समेतले गर्नेछ । अन्यथा भएको पाएमा उत्खनन् कार्य तत्काल रोक्न सकिनेछ ।

१८) अन्य पालिका क्षेत्रबाट संकलन वा ढुवानी गर्नु परेमा नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

१९) अनुमति लिन सम्बन्धित व्यक्ति वा फर्मले वडा समितिको कार्यालयमा कुन प्रयोजनको लागि हो र को को कामदारले काम गर्ने वा सवारी चालकको नाम र नं. वा उत्खनन् गरिने स्थान र समय सिमा उल्लेख गरेर अनुमति जारी गरिनेछ । सोको एक प्रति नगरपालिका, नगर प्रहरी शाखामा अनिवार्य उपलब्ध गराई जानकारी गराउनु पर्नेछ ।



Scanned with CamScanner

२०) अनुमति पत्रमा दुवै पक्षबाट दस्तखत गरिनेछ र शर्त उल्लघंन भएको पाइए तत्काल अनुमति भंग हुनेछ ।

२१) उत्खनन् गर्दा आइ.इ.इ. भएको स्थानबाट गरिनेछ । यसमा उल्लेख हुन नसकेका कारण कुनै विषयमा विवाद उत्पन्न भए नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

२२) माथि तोकिएको शर्त बाहेक अन्य शर्तहरु नोबल कोरोना भाइरस (कोभिड १९) को सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले जारी गरेको नियम तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

१२) विविधः-

क) एभिन्युज टेलिभिजनले मिति २०७७।१।१८ गते राती नगर क्षेत्रमा नोबल कोरोना भाइरस कोभिड -१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट घोषित लकडाउन कार्यान्वयन लामो समयसम्म भएको हुनाले त्यसबाट विपन्न वर्गमा खाद्यान्न अभाव भई नगरबाट राहत वितरण गरिएको बिषयमा "कोरोना कहर एभेन्युज पहल" कार्यक्रम संचालक सुशिल पाण्डेले नगर प्रमुखलाई अग्रिम सूचना नगरी अन्तरवार्ता लिएर स्थानीय सरकारको विकल्पको रुपमा हुने भावबाट प्रश्न प्रस्तुति दिइएको, पत्रकारिताको सामान्य मूल्य मान्यताको धज्जी उडाउँदै मानवताको ज्ञानका प्रशिक्षक बन्नु हुदैं आफू बाहेक अन्य मानव हैनन भन्ने प्रश्न गरिएको, सामाजिक सदभाव र जनप्रतिनिधिहरुलाई निच देखाउने शब्द प्रयोग गरी सर्वसाधारण जनतालाई भ्रम छरेको र सोहि अन्तरवार्ताको विषयलाई भद्रपुर नगर प्रमुखको दृष्टान्त पटक पटक दोहोर्याउदै कार्यक्रम संचालन गरेको कार्य प्रति गम्भिर ध्यानाकर्षण भएकोछ। नगरपालिकाको तर्फबाट उल्लेखित घटनाको बारेमा विरोध जनाउने र प्रेस काउन्सिल लगायतका निकायहरुमा कार्यवाहीको माँग गर्ने निर्णय गरियो।

ख) साप्ताहिक हाटबजार तथा सागसब्जी बिक्री वितरण सम्बन्धमा देखिएको समस्यालाई निम्नानुसार गर्ने निर्णय गरियो,

१) नगरपालिकामा दर्ता भएका साग-सब्जी पसललाई मात्र वडा समिति वा नगरपालिकावाट अनुमति दिने र अनुमति प्राप्त पसलले र डुलाएर बिक्री गर्ने साधनले नगरपालिकावाट फोटो सहितको परिचय-पत्र लिनुपर्ने।

२) नोबल कोरोना भाइरस कोभिड -१९ संक्रमण तथा नियन्त्रणका सन्दर्भमा नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले जारी गरेको अपनाउनु पर्ने लकडाउन नियम, सुरक्षा र स्वास्थ्य सम्वन्धी मापदण्ड पूर्ण पालना गर्ने।

३) नगरपालिकाले तोकी दिएको स्थान बाहेकका अन्य स्थानमा पसल संचालन नगर्ने, साप्ताहिक बजार हाललाई स्थगित राखे र बिक्रीका लागि सागसब्जीहरु निषेधित क्षेत्रवाट वा संक्रमणको रेडजोनवाट खरिद गर्न नपाइने ।

ग) विपद् व्यवस्थापन सम्बन्धमा वर्षादको समयमा आउने बाँढीवाट जनधनको क्षति हुन नदिन सतर्कता अपनाउन विषयगत समिति र वडा स्तरीय विपद् व्यवस्थापन समितिको वैठक बसी योजना बनाउने साथै हात्ति आतंक दैनिक बढ्दै गएकोले भद्रपुर नगरपालिका वडा नं.१ देखि १० वडासम्मका वन क्षेत्रमा सोलार फेन्सिङको योजना एनटिएनसि मार्फत गरी दिन संघिय सरकारसँग माँग गर्ने, डिभिजन वन कार्यालय, भद्रपुरलाई सुरक्षाकर्मी परिचालन गर्न जानकारी गराउने र नगरपालिका कार्यालयले सो ईलाकामा बिजुलीका बलहरु जडान गर्ने निर्णय गरियो।



Scanned with CamScanner

घ) कृतिम अभाव तथा मूल्यवृद्धिको सम्बन्धमा उपभोक्ताहरुबाट बजार मूल्य अत्याधिक बढेको जनगुनासो आएकोले नगरपालिका स्तरीय बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण समितिलाई नियमन गर्ने जिम्मेवारी दिने र तत्काल अनुगमन गरी बजारभाउ व्यवस्थापन गर्ने निर्णय गरियो ।

ङ) चिया तथा अन्य उत्पादन, निर्माण उद्योग संचालनमा ल्याउने निर्णय यसअघि बैशाख १० गतेबाट भएको र उद्योगहरु संचालन भईरहेकोले सोको अनुगमन वडा समितिहरुबाट गरी नियमन गराउने र सो कार्यमा परिचालित गरिएका श्रमिकहरुको विवरण उद्यमीहरुबाट तत्काल लिने निर्णय गरियो ।

च) भारत वा अन्य देशहरुमा विभिन्न काम विशेषले जानु भई उतै रोकिनु भएका वा वैदेशिक रोजगारीको सिलसिलामा जानु भएका नेपालीहरुको नाम थर, विदेश वा नेपालको ठेगाना, सम्पर्क, ईमेल, मोबाईल नम्बरहरु समेतको विवरण अध्यावधिक गर्नुपर्ने भएकोले वडा/वडामा सुचित गर्न आव्हान गर्ने र वडाले विवरण संकलन गरी नगरपालिकामा एकीकृत गर्नका लागि पठाउने निर्णय गरियो।

छ) वडाहरुमा घरमा डेरा गरी बहालमा बस्नु हुने व्यक्तिहरुको यथार्थ विवरण सम्बन्धित घरधनीबाट प्रमाणित गराई वडा कार्यालयमा पेश गर्ने र सोविवरण वडामा संकलन गरी अभिलेखीकरण गरी राख्ने निर्णय गरियो ।

ज) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सुकुम्बासीहरुको लगत संकलन गर्न गरिएको परिपत्र बैठकमा जानकारी गराइनुका साथै निर्धारित ढाँचा अनुसार सुकुम्बासीहरुको लगत संकलन गरी अभिलेख तयार गर्ने निर्णय गरियो।

झ) नगरपालिकामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादनको सम्बन्धमा देखिएका समस्याहरु हल गरी सुशासन कायम गर्न आवश्यक कार्यवाही अगाडी बढाउन कार्यालयलाई जिम्मा दिने निर्णय गरियो।

ञ) हल्दिबारी गाउँपालिका र भद्रपुर नगरपालिकाको सिमा नदी देउनीयाबाट नदीजन्य सामग्री उत्खनन र संकलन गरी ढुवानी गर्न नगरपालिकाको अगुवाईमा ठेक्का बन्दोबस्त भएकोमा हाल नदीजन्य उत्खननका पदार्थ संकलनका लागि हल्दिबारी गाउँपालिकाबाट अनुमति प्रदान गरिएको देखिएको हुँदा ठेक्का बन्दोबस्त भएको उक्त स्थानबाट नदीजन्य सामग्री उत्खनन र संकलन गरी ढुवानी गर्न अनुमति प्रदान नगर्न हल्दीबारी गाउँपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

ट) नोवल कोरोना भाइरस कोभिड -१९ संक्रमणको रोकथामका लागि नेपाल सरकारबाट लागु गरिएको बन्दाबन्दी लकडाउनको समय लम्बिँदै गएको अवस्थामा विपन्न वर्ग तथा असंगठित क्षेत्रका मजदुरहरुलाई राहत उपलब्ध गराउन हालसम्म सहयोग गर्नु हुने दाता व्यक्ति, संघसंस्था, उधमी, व्यवसायीहरु सम्पूर्णमा धन्यवाद ज्ञापन गर्ने र नगर विपद् व्यवस्थापन कोषमा सहयोग गरी दिनु हुन पुनः आव्हान गर्ने निर्णय गरियो ।

ठ) नोवल कोरोना भाइरस कोभिड-१९ को संक्रमण तथा रोकथामका सन्दर्भमा र लकडाउन कार्यान्वयन, राहत संकलन, वितरण कार्यमा सहयोग गर्नु हुने टोल विकास संस्था, निगरानी समूह स्वयंसेवकहरु, राजनैतिक दल, पत्रकार तथा आम नागरिक समाजमा धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा संक्रमण बढ्न नदिन संवेदनशिल भै सरकारी लकडाउनलाई कडाईका साथ परिपालना गर्ने गराउने निर्णय गरियो ।

ड) २०७७/१/२४ गते नेपाल सरकार र २६ गते ३ बजे जि.स.स.को कार्यालयमा जिल्ला स्तरिय कोभिड -१९ रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापन समितिको बैठक बसी गरिएका निर्णयहरु कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।



Scanned with CamScanner